महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू/अध्यक्षज्यू,
नगर/गाउँ कार्यपालिकाको कार्यालय,

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको सन्देश

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या:०७५।७६
च.न.

मितिः २०७५।१२।१५

श्री प्रमुखज्यू,

मालिका गाउँपालिका,म्याग्दी ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट मालिका गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४स्थानीय सरकार सञ्चालन ऐन, २०७४तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

लेखापरीक्षकको जिम्मेवारी - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१ करोड ९६ लाख ३५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख २१ हजार, नियमित गर्नुपर्ने रु.६७ लाख १६ हजार, र पेश्की रु.१ करोड २६ लाख ९८ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।५।२० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा फछर्योट भएका दफाहरु हटाई कायम भएका व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना (१२) यसैसाथ संलग्न छ ।

कैफियत सहितको लेखापरीक्षण राय - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)

नायव महालेखापरीक्षक

मालिका गाउंपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७४।७५

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस गाउपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाउपालीका अर्न्तगत ७ वडा रहेको ३८ सभा सदस्य,१४७ वर्ग की.मी.क्षेत्रफल , १९४५८ जनसंख्या भएको गण्डकी प्रदेशमा अवस्थित छ ।

स्थानीय संचितकोषः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहयता र स्थानीय सरकार संचालनमा भएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

आय शिर्षक	रकम रु	व्यय शिर्षक	रकम रु
गत वर्षको अल्या	५६३४३६२.०५	**अनुदान खर्च**	
		वित्तिय समानिकरण अनुदान चालु खर्च	२१९९९६१२.५
		वित्तिय समानिकरण अनुदान पुजिगत खर्च	७६४०६७४३
वित्तिय समानिकरण अनुदान	१५४३५२०००	वित्तिय समानिकरण अनुदान चालु खर्च [पश्चिम नेपाल ग्रामिण खानेपानी कार्यक्रम]	७३४५४
सशर्त अनुदान	९५१५३०००	वित्तिय समानिकरण अनुदान पुजिगत खर्च [पश्चिम नेपाल ग्रामिण खानेपानी कार्यक्रम]	३५८७४४०
सामाजिक सुरक्षा दिर्घ सेवा सम्मान	४२३७९०००	**सशर्त अनुदान**	**९३३९९४९४.६१**
स्थानीय शासन तथा सामुदायिक विकास चालु	५७५०००	सामाजिक सुरक्षा दिर्घ सेवा सम्मान	३९१०१४००
स्थानीय शासन तथा सामुदायिक विकास पूजिगत	६०००००	स्थानीय शासन तथा सामुदायिक विकास चालु	५७१५८२
पश्चिम नेपाल ग्रामिण खानेपानी कार्यक्रम चालु	६८७९०००	स्थानीय शासन तथा सामुदायिक विकास पूजिगत	४९३८९२
पश्चिम नेपाल ग्रामिण खानेपानी कार्यक्रम पूजिगत	२२२३७०००	पश्चिम नेपाल ग्रामिण खानेपानी कार्यक्रम चालु	५१८४०५७
गरिवसँग विश्वेश्वर कार्यक्रम चालु	४२९०००	पश्चिम नेपाल ग्रामिण खानेपानी कार्यक्रम पूजिगत	२२२३७०००
झोलुङ्गेपुल संरक्षक खर्च	१४४०००	गरिवसँग विश्वेश्वर कार्यक्रम चालु	४१८६००
आन्तरिक आय	**२३५०२२९.५**	झोलुङ्गेपुल संरक्षक खर्च	१४४०००
बेरुजु असुल	१०६९८	आन्तरिक आय खर्च	०
		स्थानीय संचितकोषमा मौज्दात	**६०८५३८३३.०५**
		सशर्त अनुदान फिर्ता	१७५३५०५.३९
		सामाजिक सुरक्षा दिर्घ सेवा सम्मान फिर्ता	३२७७६००
		स्थानीय शासन तथा सामुदायिक विकास चालु फिर्ता	३४१८
		स्थानीय शासन तथा सामुदायिक विकास पूजिगत फिर्ता	१०६१०८
		पश्चिम नेपाल ग्रामिण खानेपानी कार्यक्रम चालु नेपाल सरकार अनुदान फिर्ता	११२११५०
		गरिवसँग विश्वेश्वर कार्यक्रम चालु फिर्ता	१०४००
	३३०७४३२८९.५५		**३३०७४३२८९.५५**

बेरुजू दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
१	**आन्तरीक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले कानूनी व्यवस्था बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको नदेखिएकोले कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली विश्वसनीय छ भनी एकिन गर्न सकिएन । ● **जोखिम पहिचानः** कार्यालयले बर्षभरिमा सम्पादन गर्ने गरी कार्यक्रममा रहेका र आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार गरेको देखिएन । ● **कार्य विवरणः** प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु गर्नु पर्ने व्यवस्था रहेकोमा प्रत्येक कर्मचारीलाई कार्य विवरण दिएको देखिएन । ● **लागत अनुमान/खरिद योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कानूनी व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन । ● **सम्पत्तिको अभिलेखः** सावंजनिक खरिद नियमावली, २०६४ को नियम १४९ ृ५ मा सावंजनिक निकायले भौतिक सम्पत्तिको अभिलेख राख्नुपनें व्यवस्था रहेको छ । कायांलयलले अन्य जिन्सी सामग्रीहरुको अभिलेख राखेको भए तापनि आपनो कायंक्षेत्रभित्र पनें भौतिक सम्पत्तिहरु सडक, पुल, कल्भटं, नाली, रेलिँ आदिको नाप समेत खुल्ने गरी अभिलेख तयार गरेको छैन . ● **मू.अ.कर दर्ता नभएकासंग खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) अनुसार सार्वजनिक निकायले बीस हजार रूपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उपभोक्ता समिति मार्फत गराएका कार्यहरुमा मू.अ.कर दर्ता नभएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट विभिन्न निर्माण सामग्री र अन्य मालसामान खरिद गरी कार्य गरेको देखिएकोले कानूनी व्यवस्था बमोजिम मू.अ.कर दर्ता भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद कार्य गर्ने गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ	
२	**स्थानीय तथ्यांक र अभिलेखः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम.गाउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको छैन। स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ.गाउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	

३ **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । गाउपालीकाले सञ्चालन गरेका वडास्तरिय तथा गाउपालिका स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गर्न जरुरी छ ।

४ **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १८ प्रतिशत, दोश्रो चौमासिकमा २३ प्रतिशत र तेश्रो चौमासिकमा ५९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ मसान्तमा २५ प्रतिशत खर्च देखिनुले तेश्रो चौमासिकमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।

व उ शि न	कुल खर्च रकम	पहिलो चौमासिक	दोश्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
८०१७३२३	१९५४६६७४४.१	३३९७१५७०.३९	३९८५१९८६	१२१६४३१८८	४६६६३२०७
३६५०१५३	३९१०१४००	१२८२३२००	०	२६२७८२००	१२९२७७००
३६५८१९३	५७१५८२	०	०	५७१५८२	३३७०००
३६५८१९४	४९३८९२	०	०	४९३८९२	२९०९७५
३६५८२१३	५१८४०५७	९६२६२५	२२६००९४	१९६१३३८	९७२०६८
३६५८२१४	२२२३७०००	०	१७६७७७२९	४५५९२७१	३७९३६९१
३६५८४५३	४१८६००	०	५२०००	३६६६००	२७५६००
	१४४०००	०	०	१४४०००	१४४०००
जम्मा	**२६३६१७२७५.१**	**४७७५७३९५.३९**	**५९८४१८०९**	**१५६०१८०७१**	**६५४०४२४१**

५ **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति रु व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउपालिकामा रहने कर्मचारीको अन्तरिम सगंठन संरचना अनुसार दरवन्दी विभिन्न पदको ३२ रहेपनि ९ स्थायी, १० करार गरि १९ को पदपुर्ति रहेको देखियो । १ सुचना अधिकृत र १ इन्जिनियर को यस वर्ष सुचना प्रकाशन गरि क्रमश: २०७४ माघ र चैत्र देखि करारमा नियुक्त गरेको अन्य ७ जना साविक गाउविकास समिति र १ जना जिल्ला समवन्य समितिको करारका कर्मचारीको करार अवधि नविकरण गरि कार्य संचालन गरिएको छ । अनावश्यक पद भए खारेज गर्नुपर्नेमा कुनै कारवाही गरेको देखिएन ।

६ **एकीकृत विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय व्ययको एकिकृत लेखा वनाई पेशगर्न पर्ने व्यवस्था छ । गाउपालिकाले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटिएको देखिएन । सवै कारोवार समेट्दा गाउपालिकाको वैंक मौज्दात रु.६१३६२३६६।०५ हुने हुँदा सबै क्षेत्रमा रहेको बैंक मौज्दात समेत ५०८५३३गाउपालिकाले समेटी कारोबार गर्न पर्दछ ।

७ **अतिरिक्त प्रोत्साहन भत्ता** - नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ । केन्द्रिय चालु अनुदानबाट देहायका कर्मचारीलाई चैत्र देखि आषाढ सम्म प्रति महिना १५ दिनको विशेष प्रोत्साहन भत्ता भनी जम्मा रु.१९६६०० खर्च लेखेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधरित प्रोत्साहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन । स्पष्ट आधार एवं कार्यविधि विना खर्च लेखेकोले अनियमित भएको रु. १९६६००।-

पद	कर्मचारीको नाम	रकम
प्रमुख कार्यकारी अधिकृत	छविलाल सुवेदी	६१०००
लेखापाल	विष्णु प्रसाद शर्मा	४७०००
खरिदार	मिलन थापा	४४३४०
सामाजिक परिचालक	खशिला गुरुङ्ग	४४३४०

	जम्मा १९६६००	
८	**पदाधिकारी सुविधा** -स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन २०७४ (२०७५।१।२४ मा जारी भएको) मा स्थानिय तहका पदाधिकारी तथा सदस्यले निर्वाचित भई पदभार ग्रहण गरेको मिति देखि मासिक सेवा सुविधा पाउने व्यबस्था गरेको छ । उक्त ऐनले गाउपालिकाका अध्यक्ष,उपाध्यक्ष,वडा अध्यक्ष कार्यपालिका सदस्य र वडा सदस्यको मासिक सुविधा ३१,०००।, २६,०००। ,१८,०००।, ९,०००।, र ६०००। तोकेको छ । सोही ऐनमा संचार सुविधा प्रति महिना १५००।, र १०००। का दरले अध्यक्ष, र उपाध्यक्षलाई दिने व्यबस्था छ ।२३ वडा सदस्य,६ कार्यपालिका सदस्य,७ वडा अध्यक्ष , अध्यक्ष, र उपाध्यक्ष लाई चाडपर्व खर्च समेत १२ महिनाको सुविधा रु ४९०५०००। भुक्तानी दिएको छ ।ऐन प्रारम्भ भएको मिति देखि सेवा सुविधा दिने प्रावधानको व्यवस्था हुनुपर्दछ । मासिक र संचार सुविधा बाहेक यस बर्ष पदाधिकारीलाई श्रावण २०७४ देखि मार्ग २०७४ सम्मको बैठक भत्ता रु.१४४००० भौ.नं०५६।२०७४।९।२६बाट भुक्तानी भएको देखियो ।	
९	**नर्म्सभन्दा बढी भुक्तानी** -भौ.न.१५०/३।१० ,समानिकरण अनुदान चालु– अर्थमन्त्रालयको कार्य संचालन निर्देशिका २०७३ अनुसार गाउँस्तरमा सञ्चालन गर्ने तालिमको खर्च मापदण्ड तोकेको छ । सामुदायिक मेलमिलाप सम्बन्धी तालिममा रु १५ लाख बजेट छुट्याइएकोमा रु ६१९६५० खर्च भएको छ । उक्त तालिम संचालन गर्न प्रतिदिन रु १५००० का दरले पारिश्रमिक दिने गरी प्रशिक्षक ममता देवी शर्मा र राम बहादुर राउत सँग सम्झौता भएको छ । सम्झौतामा यातायात खर्च रु.४००० र पुर्व तयारी शुल्क रु.१५००० दिइने,खाजा खाना र आवासको व्यवस्था गाउपालिकाले व्यहोर्ने उल्लेख गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन: क)अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७३ अनुसार ७ कार्य दिन सम्मको तालिम कक्षागत रुपमा र सो भन्दा बढिको तालिममा आवधिक रुपमा श्रोत व्यक्तिको व्यवस्था गरि गर्नुपर्ने र वाहिरी श्रोत व्यक्तिको हकमा ३० कार्य दिन सम्म प्रतिदिन मुख्य प्रशिक्षक र सहायक प्रशिक्षकले न्यूनतम २ कक्षा लिनुपर्ने देखिन्छ । उक्त २ कक्षाको पारिश्रमिक मूख्य प्रशिक्षक र सहायक प्रशिक्षकले क्रमश: ७०० र ४५० का दरले ८ दिनको रु ९२०० (कर वाहेक ७८२०) देखिन्छ । गाउपालिकाले ८ दिनको कक्षा संचालन गरेवापत उक्त २ प्रशिक्षकलाई १५ प्रतिशत कर कट्टा गरी प्रत्येकलाई रु १०८००० का दरले रु २१६००० भुक्तानी गरेकोले स्विकृत दररेट भन्दा बढी भुक्तानी देखिन आएको रु २०८१००।- ममतादेवी शर्मा र राम बहादुर राउतबाट दामासाहीले असुल गर्नुपर्ने रु. ख)निर्देशिकामा पुर्व तयारी शुल्क दिने व्यवस्था छैन तर कार्यपत्र वापत रु७०० दिने व्यवस्था छ ।यसर्थ २ प्रशिक्षकको ८ दिनको कार्यपत्रको ११२०० दिन मिल्नेमा रु.१५००० को सम्झौता गरेकाले बढि खर्च लेखेको रु३८००।- असुल गर्नुपर्ने रु. ग)निर्देशिकामा प्रतिवेदक पारिश्रमिक प्रतिवेदन बुझाएपछी मात्र दिने व्यवस्था भएकोमा प्रतिवेदन प्रतिवेदक सामाजिक परिचालक . खशिला गुरुङले बुझाएको छैन । निर्देशिकामा प्रति कार्यक्रम प्रतिवेदक पारिश्रमिक रु ३०००।०० भन्दा बढि नहुने व्यवस्था भएकोमा रु १२००० निजले बुझेको देखिएकाले बढि खर्च लेखेको रु ९०००।- असुल गर्नुपर्ने रु.	२०८१००।- ३८००।- ९०००।-

१०	**राजश्व अभिलेख :** आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तविक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।	
११	**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।	
१२	स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ मा स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता, कार्यदक्षता ,प्रभावकारिता र औचित्यता कायम गर्न आवस्यक व्यवस्था मिलाउनु पर्छ । गाउँपालिकाले नियम विपरीत देहायका कार्यमा खर्च गरी नियमावलीको पालना गरेको देखिएन । क.)१६७।२०७५।३।२९मिति २०७५।३।७ गतृ प्राथमिक स्वास्थ्य केन्द्र दरवाङमा समाज कल्याण परिषद राष्ट्रिय कोषको आयोजनामा स्वास्थ्य शिविर संचालन भएको र स्वास्थ्य शिविरमा अतिथिलाइ १३२ सेट मटन खाना र २२ सेट सादा खाना खुवाएको खाजा खर्च वापत रु ६७९१२ र भिडियो एक्सरे भाडामा ल्याएको देखाई भाडा खर्च ३९२०० समेत रु १०७४६५ विविध खर्च शिर्षकबाट भुक्तानी भएको देखिन्छ । गाउपालिकाले यस्तो शिविर संचालन गर्दा खर्च व्यहोर्ने विषयमा आयोजकसंग सम्झौता गरेको देखिएन । शिविरमा खाजा खर्च विरामीलाई उपलव्ध गराएको भरपाइ पनि देखिदैन । ठुलो संख्यामा अतिथिलाई खाना खर्च लेखेको अस्वभाविक एवं अनियमित देखिएको रु. ख)१९३।२०७५।३।२९ नेपाल सरकार खर्च शिर्षक बर्गीकरण र व्याख्या अनुसार खर्चको प्रकृती अनुसार सम्बन्धित खर्च शिर्षकमा लेखांकन गर्नुपर्ने व्यवस्था छ । कार्यालय सम्बन्धि खर्च शिर्षकबाट धौलागिरी हिमालय क्षेत्रका जडिवुटी नामक २५ थान पुस्तकहरु ५३१२५।- (कर बाहेक) मा गौतम फोटो कपि एण्ड स्टेशनरी सप्लायर्सको विजक पेश गरी लेखक चन्द्रमणी सापकोटालाई भुक्तानी गरेको छ । यस्तो असम्बन्धित खर्च कार्यालय सम्बन्धी शिर्षकबाट लेखांकन गरेकोले नियमसंगत भएको नदेखिएको रु.	१०७४६५।- ५३१२५।-
१३	**पेश्की -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । **पश्चिम नेपाल ग्रामिण खानेपानी** तथा सरसफाइ परियोजना पूजिगत शिर्षक ३६५८२१४तर्फ देहायका उपभोक्ता समितिको रु.१२६९७९४७ पेश्की फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु.	१२६९७९४७।-
	पेश्कि लिएको मिति | पेश्कि लिने व्यक्ति फर्म वा कम्पनीको नाम | रकम	

२०७४.१०.१४	बन्दरमूल खानेपानी आयोजना (बालकूमार सूनार)	२३४५७०३
२०७४.१०.१४	जूगेपानी खानेपानी आयोजना (डिल बहादूर पून)	२०२८६०६
२०७४.१०.१५	डिल्लीखोला खानेपानी आयोजना (पुर्णवहादूर रसाइली)	१९३४३६८
२०७५.३.२२	विम लिफ्ट खानेपानी आयोजना(धन बहादूर जूरजाली)	२६३०७४१
२०७४.११.१०	पाझिक्ने खानेपानी आयोजना (दूर्गे पून)	१२२०८३६
२०७५.०१.०३	ठूलो गैरा खानेपानी आयोजना (हिराबहादूर पून)	२५३७६९३
जम्मा		१२६९७९४७

१४ **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नपाइने, नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नपाउने व्यवस्था छ । जटिल प्राविधिक पक्ष समावेश भएका गोरेटो र ढलान बाटो, ट्रयाक खोल्ने,बाटो स्तरोन्नति लगायतका अधिकांश आयोजनाका लागत अनुमानमा माटो र ढुगांखन्ने कार्यको परिमाण घन मिटरमा तोकी डोजर, लोडर, एक्साभेटर, मेशीनहरूको दररेट समावेश गरि उपभोक्ता समितिबाट सञ्चालन गर्ने गरेको र उपभोक्ता समितिले डोजर, लोडर, एक्साभेटर, मेशीन प्रयोगको समयावधि खुलाई डोजर व्यवसायीको विल पेश गरि प्राविधिक मुल्यांकन गराई भुक्तानी लिएको देखियो ।मेशिन प्रयोगमा उपभोक्ता समिलि कोटेशन पनि लिएको देखिदैन। यसबाट प्रतिस्पर्धा नभई लागत बढने,कामको परिमाण र गुणस्तरीयता सुनिश्चतता गर्न सक्ने स्थिति देखिदैन ।यसर्थ नियमको परिपालना हुनुपर्दछ ।उदाहरणका लागी देहायका सडकमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरूको प्रयोग गरी उपभोक्ता समितिले डोजर, लोडर, एक्साभेटर, मेशीन प्रयोग गरेको समयावधि मात्र खुलाई कार्य परिमाण उल्लेख नगरी उपभोक्ता समितिले निम्नानुसारका निर्माण कार्यको डोजर प्रयोग गरेको भनी सम्झौता रकमको ९० प्रतिशत भन्दा बढी रकम निर्माण व्यवसायीको कर विजक संलग्न राखि भुक्तानी भएको छ ।

भौ नं.	योजना	गाउपालिका अनुदान	निर्माण व्यवसायी	भुक्तानी रकम मु.अ.कर सहित
७८	औल डाडागाउँ किट्नी पात्ले मोटर बाटो	३५ लाख	मालिका कन्सट्रक्सन प्रा.लि	१७५६४१०
	औल डाडागाउँ किट्नी पात्ले मोटर बाटो	,,	मालिका कन्सट्रक्सन प्रा.लि	१३१६७६६
२००	दरवाङ निस्कोट मोटर बाटो .स्तरोन्नती	२५६२४७७	साहरा निर्माण सेवा	१४०८५५०
	दरवाङ देविस्थान जुग्जा मोटर बाटोस्तरोन्नती	१९१५०००	ओम अस्कर निर्माण सेवा	६७१२३१
	दरवाङ देविस्थान जुग्जा मोटर बाटोस्तरोन्नती	,,	मंगला कन्सट्रक्सन प्रा.ली	५१५०००
	दरवाङ देविस्थान जुग्जा मोटर बाटोस्तरोन्नती	,,	ढोरपाटन कन्सट्रक्सन	४१९००४
	दरवाङ बजार म्याग्दी खोला तटबन्धन	१८ लाख	साहना निर्माण सेवा	२४६३४०
३०५	दुखु वेशी युवाक्लव खेलमैदान	२५००००	ढोरपाटन कन्सट्रक्सन	२५००४७
३२१	निस्कोट मोटरबाटो मर्मत	१५००००	टाकुरा विकास विल्डर्स	१५००००
	दरवाङ सावरा मोटरबाटो निर्माण		ओम अस्कर निर्माण सेवा	२००९२२

	जम्मा ६९३४२७०	
१४.१	**उपभोक्ता समितिबाट खरिद**–सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) अनुसार निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समितिबाट लिन सकिने उल्लेख छ । मालसामान खरिदको उपभोक्ता समितीले गर्ने परिकल्पना नै खरिद ऐन र नियमाबलीले नगरेको अबस्थामा उपभोक्ता समितीसंग सम्झौता गरि उपभोक्ता समितीले मालसामान खरिद गर्ने गरेको पाइयो ।सार्वजनिक खरीद ऐन,२०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ले साथै नियम ८४ मा रू.५ लाख देखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्वारा खरीद गर्नुपर्ने व्यवस्था छ ।मालिका १ मा विद्युत विस्तारका लागी १२ लाख अनुदान दिने गरि ८ मिटर स्टिल टयुवलर पोल ४२ वटा र ए सि एस आर कन्डक्टर तार ५ किलोमिटर लगायतका सामान खरिद को लागी उपभोक्ता समिति संग सम्झौता गरेको देखियो । उपभोक्ता समितिले सामान खरिदको रु.१३२६८५१।६७ को कर विजक पेश गरेको छ । उक्त मालसामान सिलबन्दी दरभाउपत्रद्वारा खरीद भएको र जडान समेत नगरेकाले अनियमित देखिएको रु.	१२००००।-
१४.२	सार्वजनिक खरीद ऐन,२०६३ को दफा ९७ मा एक करोड रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ ।पश्चिम नेपाल ग्रामिण खानेपानी आयोजना अर्न्तगत बिम लिफट खानेपानी तथा सरसफाइ आयोजना को लागत अनुमान रु.१४३०११७३।१५ भएको देखिन्छ ।उक्त आयोजना ऐन विपरित समितिसंग सम्झौता गरि काम गराएको देखियो ।	
१४.३	आयोजना हस्तान्तरण: सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ को उप नियम (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्नेमा उपभोक्ता समितिबाट काम गराएका आयोजनाको हालसम्म हस्तान्तरण गरेको देखिएन ।गाउपालिकाले प्राय:सबै आयोजना उपमोक्ता समिति मार्फत गराएको र निर्माणको काम सम्पन्न भएपछि एक वर्षभित्र बिग्रे भत्केमा मर्मत सम्भार गर्ने जिम्मेवारी तोकेको छैन ।यस्ता आयोजनामा रेखदेख र मर्मत सम्भारको लागी सम्बन्धित उपभोक्ता समिति वा लाभग्राही समुदायलाई जिम्मेवार बनाउनु पर्दछ ।सोहि प्रयोजनका लागी थप बजेट विनियोजन र खर्च गर्ने परिपाटीलाई नियन्त्रण गर्नुपर्दछ ।	
१५	आयकर ऐन २०५८को दफा ८८(१))बमोजिम भाडामा १० प्रतिशत कर कटटा गर्नपर्ने व्यवस्था छ । लेखापरीक्षणमा छनौटमा परेको देहायका आयोजनाको निर्माण र मर्मतमा डोजर, लोडर, एक्साभेटर, मेशीन भाडा भुक्तानीमा १०प्रतिशत कर सम्बन्धितबाट असुल गरि दाखिला गर्नुपर्नेमा मु.अ.कर बाहेकको भुक्तानी रकममा १.५प्रतिशत अग्रिम कर कटटा गरेको देखिन्छ । देहायका उपभोक्ता समितिले मु.अ.कर बाहेकको भुक्तानी गरेको रकममा १० प्रतिशत बहालकर असुल गर्नुपर्दछ । गाउपालिकाले अन्य उपभोक्ता समितिलाई यस वर्ष डोजर, लोडर, एक्साभेटर, मेशीन भाडामा प्रयोग गरी मु.अ.कर बाहेकको भुक्तानी गरेको रकममा १० प्रतिशत बहालकर छानबिन गरि सम्बन्धितबाट असुल गर्नुपर्ने देखिन्छ ।	

भौ नं.	योजना	निर्माण व्यवसायी	भुक्तानी रकम मु.अ.कर सहित	१० प्रतिशत बहालकर
७८	औल डाडागाउँ किट्नी पात्ले मोटर बाटो	मालिका कन्सट्रक्सन प्रा.लि	१७५६४१०	१५५४३५
	औल डाडागाउँ किट्नी पात्ले मोटर बाटो	मालिका कन्सट्रक्सन प्रा.लि	१३१६७६६	११६५२८
२००	दरबाङ निस्कोट मोटर बाटो	साहरा निर्माण सेवा	१४०८५५०	१२४६५०

	.स्तरोन्नती			
	दरवाङ देविस्थान जुग्जा मोटर बाटोस्तरोन्नती	ओम अस्कर निर्माण सेवा	६७१२३१	५९४०१
	दरवाङ देविस्थान जुग्जा मोटर बाटोस्तरोन्नती	मंगला कन्सट्रक्सन प्रा.ली	५१५०००	४५५७५
	दरवाङ देविस्थान जुग्जा मोटर बाटोस्तरोन्नती	ढोरपाटन कन्सट्रक्सन	४१९००४	३७०८०
	दरवाङ बजार म्याग्दी खोला तटबन्धन	साहना निर्माण सेवा	२४६३४०	२१८००
३०५	दुखु वेशी युवाक्लव खेलमैदान	ढोरपाटन कन्सट्रक्सन	२५००४७	२२१२८
३२१	निस्कोट मोटरबाटो मर्मत	टाकुरा विकास विल्डर्स	१५००००	१३२७४
	दरवाङ सावरा मोटरबाटो निर्माण	ओम अस्कर निर्माण सेवा	२००९२२	१७७८०
	जम्मा			६१३६५१

१६ **लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाउपालीकाले देहायका यस्ता कार्यक्रममा समेत खर्च गरेको देखिएकोले कार्यविधिको परिपालना भएको देखिएन । यस्ता कार्यमा सुधार हुनु पर्दछ ।

भौ.न.र मिति	कार्यक्रम	रकम
१६०.०७५.३.१८	आखा शिविरका लागी लायन्स कल्वलाई आर्थिक सहयोग	१०००००
१६०.०७५.३.८	छैठो म्याग्दी महोत्सवका लागी उद्योग बाणिज्य संघलाई अनुदान	१५००००
४८.०७५.९.७	मोना म्याग्दीको महोत्सवमा १०० थान टिर्सट वितरण	३००००
३३८.०७५.३.२१	वडा न.६ लाई जर्सि र फुटवल वितरण	१०००००

१७ **विना प्रतिस्पर्धा खरिदः** सार्वजनिक खरीद ऐन,२०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ले साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र, बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा वोलपत्र एवं सिलवन्दी दरभाउपत्रवाट खरिद नगरि रु. ४६१८८९२ का देहायका सामान पटक पटक सोझै खरीद गरेको पाइयो । खरीद कार्य गर्दा नियमको पालना हुनु पर्दछ ।भौगोलिक विकटता र गाउपालिकामा सप्लायर्सको उपलव्धता हुन नसकेको कारण यस्तो अवस्था सृजना भएको छलफलमा जानकारी गराएको छ ।

सामानको नाम	रकम
मसलन्द तथा कार्यालय सामग्री	१४१६६३०
फर्निचर	११२३७१४
ल्यापटप र कम्पयुटर	८५२१००
सवारी साधन भाडा	६२३१५०

४६१८८९२।-

	पशुजन्य औषधि खरिद ६०३२९८ जम्मा ४६१८८९२	
१८	**वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाउपालीकाले यो वर्ष वातावरण संरक्षण, सरसफाइ कार्यक्रम चलाएको विवरण पेश गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन ।ढल ,फोहोर ढुवानी केन्द्र र डम्पिग साइट निर्माणको एकीकृत बहु वर्षे योजना र प्रगती पेश भएन । फोहोर ढुवानी गर्न यस वर्ष रु२३४४७५०को टयाक्टर खरिद गरेकोमा जिल्ला प्रहरी कार्यालयमा पार्किग गरेको छ । फोहोर म्याग्दी खोलाको छेउछाउमा फाल्ने गरेको छ । सालबसाली सरसफाईको काममा गाउ पालिका क्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई पर्दछन् । यस तर्फ ध्यान दिनुपर्दछ ।	
१९	**सेवा करार** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) मा कार्यालय सुरक्षा, चिट्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । रु.५लाख सम्म सेवा शुल्क लाग्ने सेवा वार्ता गरि खरिद गर्न सक्ने व्यवस्था छ ।१ सुचना अधिकृत र १ इन्जिनियर को यस वर्ष सुचना प्रकाशन गरि क्रमशः २०७४ माघ र चैत्र देखि करारमा नियुक्त गरेको अन्य ७ जना साविक गाउविकास समिति र १ जना जिल्ला समवन्य समितिको करारका कर्मचारीको करार अवधि नविकरण गरि यस आ.ब.मा रु९०९२६६ खर्च गरेको पाइएको छ ।	
२०	**मू.अ.करमा दर्ता नभएकासंग खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम सार्वजनिक निकायले खरिद कार्य गर्दा मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त फर्म, कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्था छ । म्याग्दी मिडिया सोसाइटीलाई रु.४००००० भुक्तानी गरेकोमा उक्त फर्म मू.अ.करमा दर्ता भएको प्रमाण पेश हुनुपर्ने रु. भौ.न.र मिति / विवरण / रकम ३३९।०७५।३।२९ / पर्यटन डकुमेन्ट्री निर्माण / २००००० ३३८।०७५।३।२९ / रेडियो कार्यक्रम सञ्चालन / २००००० जम्मा / ४०००००	४००००।-
२१	**आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउपालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । यस बर्ष रु२९४२०००को आन्तरीक आयको लक्ष्य राखेकोमा रु२३५०२२९।५०(७९.८८ प्रतिशत) मात्र असुली भएको छ ।गाउपालिकाले वडा नं १,२ र ३ का निस्कोट,रुम डाडागाउमा रहेको स्लेट ढुंगाखानी उत्खनन र बिक्री व्यवस्थापन गर्न सम्बन्धित निकायसंग समवन्य गरि आय ठेक्का प्रतिस्पर्धाबाट लगाएको छैन।उक्त स्थानमा व्यवस्थापन समितिले उत्खनन गरि बिक्री वितरण गरेको अवस्था देखिन्छ तर गाउपालिकामा आन्तरीक आय असुल भएको छैन । यस तर्फ ध्यान दिनुपर्दछ ।	
२२	**व्यवसाय कर,बहाल कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाउपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण	

	व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाउपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन ।	
२३	**विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाउपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । उक्त (SUTRA) प्रयोग गरी लेखा नराखेको देखिएकोले गाउपालिकाको आय-व्ययको हिसाव यथार्थपरक छ भनि विश्वस्त हुन सकिएन ।	
२४	**सम्भाव्यतता अध्ययन-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२(१) मा पन्ध्र लाख रुपैंयाभन्दा बढी लागत पर्ने विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट सन्चालित कुनै पनि योजनाको सम्भाव्यता अध्ययन भएको देखिएन । सर्वेक्षण र सम्भाव्यता अध्ययनको अभावमा कार्यस्थलको वास्तविक अवस्था स्पष्ट नहुने, कार्यको परिमाण अनिश्चित हुने, हुन सक्ने हुंदा विस्तृत सम्भाव्यता अध्ययन गरेर मात्र योजना सन्चालन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
२५	**योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ ।साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको छैन । यस तर्फ ध्यान दिनुपर्दछ ।	
२६	नेपाल सरकारको पशु सेवा बिभागबाट जारी पशु सेवा कार्यक्रमको कार्यबिधिमा कृत्रिम गर्भाधान सेवा संचालन गर्न सकिने स्थान बिशेसमा व्यबसायिक फार्महरुमा उन्नत तथा गुस्तरीय बोका ब्यबस्थापनको लागी रु १५०००। सम्म प्रति बोकाका दरले सम्फौता गरी अनुदान उपलब्ध गराउन सक्ने ब्यवस्था छ। गाउपालिकाले निस्कोटको केशफाट बाखा पालन समुहसंग ७५ प्रतिशत बोयर बिउ बोका २ खरिद सम्फौता गरी भौ.न.१६८।०७५।२।१६ बाट रु १४००००। रकम अनुदान उपलब्ध गराएको छ । कार्यबिधिको परिपालना हुने गरी कार्यक्रम कार्यान्वयन नगरेकाले अनियमित देखिएको रु.	१४००००।-
२७	**गुणस्तर परिक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्भौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कम्पयुटर,बिजुलिका पोल तार लगायतका सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।	
२८	**नक्शा पासः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा २७ मा गाउँपालिकाबाट नक्शा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था रहेकोमा कार्यालयले ४ वटा मात्र नक्शा पास गरेको देखियो ।पुर्णरुपले नक्शा पास गर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको देखिएन ।	
२९	**न्यायिक समितिः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को परिच्छेद ८ मा गाउँपालिकाको न्यायिक कार्य सम्वन्धमा व्यवस्था गरेको छ । दफा ४६ अनुसार न्यायिक समितिको व्यवस्था रहेकोमा न्यायिक समिति गठन भएतापनि न्यायिक समितिको बैठक वसी कार्यसन्चालन भएको देखिएन ।	
३०	**सेवा प्रवाहः** गाउपालिबकाले आर्थिक वर्ष २०७४।७५ सेवा प्रवाहतर्फ गरेको कार्यसम्पादनको विवरण माग गर्दा पेश नभएको र सेवा प्रवाहको अभिलेख समेत व्यवस्थित किसिमले नराखेकोले कार्यालयले वर्ष भरीमा के कति कार्यसम्पादन गरेको छ एकिन गर्न सकिएन ।	

३१ **लेखापरीक्षणः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका कैफियत अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाको संगठनात्मक तालिकामा आन्तरिक लेखा परीक्षण शाखाको व्यवस्था रहेको तर कर्मचारीको व्यवस्था भएको देखिएन । गाउपालिकाले आन्तरिक लेखा परीक्षण गराएको छैन ।ऐननुसार आन्तरिक लेखापरीक्षण गराउने तर्फ कारवाही हुनुपर्दछ ।

३२ **सम्परीक्षण :** लेखापरीक्षणबाट कायम भएका बेरुजु मध्ये आर्थिक कार्यविधी ऐन, २०५५ को दफा १८ अनुसार कार्यालयले फछ्र्यौट गरी सोही ऐनको दफा १९ वमोजिम सम्परीक्षणको लागि पेश गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ । कार्यालयले स्थलगत लेखापरीक्षण समक्ष रु.६२४०४.।- सम्परीक्षणको लागि अनुरोध भै आएकोमा रु.६२४०४।- को सम्परीक्षण भई सो को लगत कट्टा भएको छ ।

आ.व.	वेरुजु दफा नं.	रकम	कैफियत
०७३.७४	४,५,७,८,८.१,८.२,१२,१३	१२४०४	असुल भई फछ्र्यौट
,,	६	५००००	पेश्की फछ्र्यौट
	जम्मा	६२४०४	

३३ **वित्तिय जवाफदेहिता मूल्यांकन :** कार्यालयको व्यवस्थापकिय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रबाह र खरिद व्यबस्थापन/विकास निर्माणको क्षेत्रगत सूचकहरुको आधारमा कार्यालयको मूल्यांकन गर्दा कुल १०० पूर्णाअंकमा A,B,C,D ग्रेडमध्ये यस कार्यालय C ग्रेडमा रहेको छ । कार्यालयले वित्तिय जवाफदेहिताका लागी अति उत्तम अंक हासिल गर्न A ग्रेड प्राप्त गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३४ लेखापरीक्षणको क्रममा रु.५६०० गाउपालिकाको स्थानीय संचित कोषमा दाखिला भएको छ ।

३५ **बेरुजू** - गाउपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.८ लाख ३४ हजार, अनियमित बेरुजू रु.६७ लाख १६ र पेश्की रु.१ करोड २६ लाख ९८ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट रु. ६ लाख १३ हजार समायोजन र फछ्र्यौट भई रु.१ करोड ९६ लाख ३५ हजार बेरुजू कायम भएको छ ।

३६ **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । गाउपालिकाले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :

गत वर्षको बेरुजू रकम (रु.) (A)	यो वर्ष फछ्र्यौट (B)	बाँकी (C=A-B)
९०,०००	६२४०४	२७५९६

३७ **अद्यावधिक बेरुजू स्थिति :** गाउपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :

गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C)	यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D)	यो वर्षको कायम बेरुजू रु. (D)	बाँकी (F=C+D+E)
२७५९६	०	१९६३५०००	१९६६२५९६

अनुसूची– १

मालिका गांउपालिका
बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७४।७५

(रु.हजारमा)

क्र. सं.	जिल्ला	स्थानीय तह	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बांकी बेरुजू			वांकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	म्याग्दी	मालिका गाउपालिका	२७	११	१९६३५				२७	११	१९६३५	२२१	६७१६				६७१६	१२६९८	०	१२६९८

अनुसूची- २

स्थानीय तह सञ्चित कोष विवरण
२०७४।७५

(रु.हजारमा)

क्र. सं.	जिल्ला	स्थानीय तह	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१	म्याग्दी	मालिका गाउपालिका	५६३४	१५४३५२	९५१५३	७५६०४	३२५१०९	२१९९९	८०७२८	१६७१६२	२६९८८९	६०८५४